# स्थानीय राजपत्र

# पाटन नगरपालिका

## पाटन, बैतडी

## सुदरपश्चिम प्रदेश, नेपाल

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७९

पारित मिति : २०७९।०८।१६

१. परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १४ बमोजिमको कार्य गर्ने गरी स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ उपदफा त २ ले दिएको अधिकार प्रयोग गरि पाटन नगरपालिका वैठकबाट यो ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०७९ जारी गरिएको छ ।

CamScanner

## २. परिचय-पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

## ३. उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

## ४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

## ५. ज्येष्ठ नागरिकको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

## ६. परिचय-पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम पाटन नगरपालिका भित्रका साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

CamScanner

७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची- ३ बमोजिमको परिचयपत्रको ढाँचा यस कार्य विधिको अनुसूची २ बमोजिमको हुनेछ। ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ।

८. परिचय-पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची- १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि वा मतदाता परिचय पत्रको प्रतिलिपि वा दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ। उल्लेखित प्रमाणपत्र नभएमा वडा अध्यक्षले कागज प्रमाण वा स्थलगत निरीक्षण गरी उचित ठहरेमा जेष्ठ नागरिक परिचय-पत्रको लागि सिफारिस गरेमा परिचय पत्र दिन सकिनेछ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी महिला बालबालिका तथा सामाजिक विकास शाखाको प्रमुखको सिफारिसमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गर्ने कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी महिला बालबालिका तथा सामाजिक विकास शाखामा राख्नुपर्ने छ।

ङ) हराएमा, नासिएमा वा प्राकृतिक प्रकोपमा परेको ठहरेमा जेष्ठ नागरिक परिचय-पत्र पुनः बनाउनुपर्नेछ।

च) यसरी निवेदन परेमा आवश्यक कागज प्रमाणको आधारमा गाउँपालिकाको कार्यालयले प्रतिलिपि दिनुपर्नेछ।

९. अभिलेख सम्वन्धी व्यवस्था :

क) सम्वन्धित वडा कार्यालयले नेपाली नागरिकताको प्रमाण पत्र/मतदान परिचय- पत्रलाई आधार मानी गरिएको सिफारिसका आधारमा ज्येष्ठ नागरिकहरुको अभिलेख यस कार्यविधिको अनुसूची-५ वमोजिम राख्नुपर्ने छ।

ख) गाउँपालिकावाट प्रदान गरिएको ज्येष्ठ नागरिकहरुको अभिलेख यस कार्यविधिको अनुसूची- ५ वमोजिम राख्नुपर्ने छ र अनुसूची- ५ वमोजिमकै ढाँचामा कम्प्युटराइज गरी सम्वन्धित मन्त्रालयहरुमा पठाउनुपर्ने छ।

CamScanner

१०. विविध :

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणमा असहजता आई थप स्पष्टता हुनुपर्ने देखिएमा सहजताको लागि कार्यपालिकाले स्पष्टता गर्न सक्नेछ ।

ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

ग) यो कार्यविधि गाउँपालिकाको बैठकबाट निर्णय भएपछि लागू हुनेछ । यो कार्यविधि लागू हुनु भन्दा अघि जारी प्रक्रिया पूरा गरी वितरण भएका जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धि कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

घ) पछि निजको कुनै प्रमाणले उमेर नपुगेको ठहरेमा सो परिचय पत्र जुनसुकै समयमा बदर गर्न सकिनेछ ।

११. खारेजी र बचाउ :

(१) यस अघि वितरण भएका जेष्ठ नागरिक परिचय-पत्र र अभिलेखहरु यसै नियमावली बमोजिम भएको मानिनेछ ।

(२) यस नियमावलीमा भएको व्यवस्थाहरु कुनै प्रचलित ऐन नियम सँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(३) जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धमा यस अघि भएका प्रावधानहरु यस कार्यविधि स्वीकृत पश्चात स्वत: निस्कृय हुनेछन् ।

CS CamScanner

अनुसूची- १

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

पाटन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय पाटन बैतडी

विषय : ज्येष्ठ नागरिक परिचय-पत्र पाउँ ।

उपरोक्त सम्बन्धमा मेरो नागरिकताको प्रमाणपत्र/मतदाता परिचय-पत्रको आधारमा मेरो उमेर ६० वर्ष पूरा भएकोले नियमानुसार जेष्ठ नागरिक परिचय-पत्र पाउँ भनी यो निवेदन पेश गर्दछु ।

संलग्न कागजातहरु :

१) नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी १ थान

२) पासपोर्ट साईजको फोटो २ प्रति

निवेदक नाम थर : ....................................

न.पा.........................वडा नं...............बैतडी

संरक्षको नाम थर : ......................................

नागरिकता नं. : .............................

CamScanner

अनुसूची- २

## जेष्ठ नागरिक परिचय पत्रको ढाँचा

## अगाडि

### जेष्ठ नागरिक परिचय-पत्र

प्र. प. नं. :

नाम थर: ............................................

ना.प्र.न.: ................. जारी मिति : ............................

ठेगाना : जिल्ला ........................न.पा : ...........................

वडा नं.: ............ टोल/गाऊँ : .........

उमेर : ........... लिङ्ग : ........... रक्त समूह : ...........................

उपलब्ध छुट तथा सुविधाहरु : सार्वजनिक यातायात तथा सरकारी स्वास्थ्य सेवा उपचार ( अन्य)

पति/पत्नीको नाम : .......................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण : .........................................................

## पछाडि

संरक्षकको नाम, थर, ..............................................

सम्पर्क ठेगाना, मोवाइल नं. ....................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम :

प्रमाणित गर्ने अधिकृतको नाम :

दस्तखत :

पद :

कार्यालय :

कार्यालयको छाप

CamScanner

# अनुसूची- ३

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

पाटन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

विषय : सिफारिस गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस पाटन नगरपालिका वडा नं. ........... टोल.................बस्ने श्री ........................ को नेपाली नागरिकताको प्रमाण-पत्र/मतदाता परिचय-पत्र हेर्दा निजको उमेर ६० वर्ष पुगेको देखिएकाले निजलाई नियमानुसार जेष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराई सहयोग गरिदिनहुन यो सिफारिस साथ अनुरोध गरिन्छ ।

सिफारिस गर्ने :

वडा अध्यक्षको नाम :

वडा नं. :

# अनुसूची- ४

प्रतिलिपिको लागि मात्र

उपरोक्त सम्बन्धमा यस पाटन नगरपालिका वडा नं.....बस्ने बर्ष ....... को श्री ........................सुनिल पाटन नगरपालिकाको स्थायी बासिन्दा भएको र निजको मिति ...........मा प्राप्त गरेको..........नं. को ज्येष्ठ नागरिक परिचय-पत्र (हराएको/जलेको/बाढी डुबान वा अन्य) कारणले नष्ट भएको हुँदा निजलाई ज्येष्ठ नागरिक परिचय पत्र (पहिलो/दोस्रो/तेस्रो ) प्रतिलिपि उपलब्ध गराइदिनहुन अनुरोध गरिन्छ ।

सिफारिस गर्ने :

वडा अध्यक्षको नाम :

वडा नं.

CamScanner

## अनुसूची- ५

## जेष्ठ नागरिक परिचय पत्र विवरण

## कार्यालयमा राखिने दर्ता अभिलेख

| परिचय पत्र नं. | प्राप्त मिति | जेष्ठ नागरिक को नाम थर | ठेगाना | लिंग | जेष्ठ नागरिकको किसिम | बाबु / आमा/ पति/पत्नी | संरक्षक व्यक्तिको नाम थर | फोन नं. | बुझिलिनेको दस्तखत | प्रमाणित गर्नेको दस्तखत | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

CamScanner